पोखरा उपत्यका साइडसिन धुम्न जाउँ

घुमाउने ठाउँहरू

बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।

गाडी छुट्ने समय
बिहान ९:३० बजे



सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622



# पोखरापत्र

राष्ट्रिय दैनिक

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क ८८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ चैत २९ गते शुक्रबार ❑ 11 April 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## 'विकासका क्षेत्रमा लगानीअनुसार उपभोग भएको छैन'

**पोखरापत्र संवाददाता**
पोखरा, २८ चैत

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले विकासका क्षेत्रमा गरिएको लगानीअनुसार ती संरचनाको उपभोग हुन नसकेको बताउनुभएको छ।

गण्डकी प्रदेश विकास समस्या समाधान समितिको एघारौँ बैठकको बिहीबार पोखरामा अध्यक्षता गर्दै उहाँले बढ्दो बसाइँसराइसहित विविध कारणले बनेका भौतिक पूर्वाधारको यथोचित उपयोग हुन नसकेको धारणा राख्नुभयो। राज्यले ठूलो धनराशि खर्च गरेर विकासका विभिन्न पूर्वाधार निर्माण गरेको भए पनि त्यसको उपभोग गर्ने जनसङ्ख्या कम रहेको बताउँदै ती संरचना उपयोगविहीन बन्दै गएका उल्लेख गर्नुभयो।

"राज्यले लगानी गर्दिनँ भन्न मिल्दैन तर उपयोग गर्ने जनसङ्ख्या कम भइरहेको छ। विविध कारणले भइरहेको बसाइँसराइ रोक्न सबैले पहल गर्नुपर्ने आवश्यकता छ", मुख्यमन्त्री पाण्डले भन्नुभयो। स्थानीय तह र प्रदेशका साझेदारीका कार्यक्रममा लगानी गर्न प्रदेश सरकार तयार रहेको बताउँदै उहाँले स्थानीय पालिकाले लगानी गर्ने कार्यक्रममा प्रदेश सरकारले पनि लगानी गर्नुपर्नेमा जोड दिनुभयो। नवप्रवर्तनका कार्यक्रमसँगै आयआर्जन हुने किसिमका कार्यक्रम अघि बढाउनुपर्ने उहाँको भनाइ छ। यसैबीच, सङ्घ, प्रदेश र स्थानीय तहद्वारा निर्माण गरिएका झोलुङ्गेपुल, सडकपुल निर्माणपश्चात् प्रयोग विहीन भएका भन्दै बैठकले सङ्घ, प्रदेश र स्थानीय तहद्वारा निर्मित त्यस्ता संरचनाको तथ्याङ्क सङ्कलन गरी उपर्युक्त निकासका लागि आवश्यक नीतिगत र संस्थागत प्रबन्ध आगामी वैशाख २५ गतेभित्र गर्ने आजको बैठकले निर्णय गरेको छ। गण्डकी प्रदेश आर्थिक ऐन, २०८१ को दफा-७ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (घ) को विषय दोहोरो परेकाले जस्तैः पदमार्ग, प्याराग्लाइडिङ, केबलकार, बन्जिजम्प, जिप फ्लायर, र्‍याफ्टिङ, मोटर बोट, तालतलैया आदिको पर्यटन शुल्क प्रदेश सरकारले सङ्कलन गर्न नसकेको भन्दै बैठकले मनोरञ्जन कर सङ्कलनका लागि उद्योग तथा पर्यटन मन्त्रालयले आवश्यक प्रबन्ध मिलाउने निर्णय गरेको छ।

निर्माणसम्पन्न भएका पूर्वाधार विकास आयोजना (खानेपानी तथा सिँचाइ लगायतका आयोजना) को नियमित मर्मतसम्भार हुन नसकेको भन्दै मर्मतसम्भार कोष स्थापना गरी आयोजनाको नियमित मर्मतसम्भार गर्ने प्रबन्ध मिलाउने निर्णय गरिएको छ।

प्रदेशको मत्स्य विकास स्रोत केन्द्र विकासका लागि आवश्यक जग्गा उपलब्ध नभएको, प्रदेशको मत्स्य विकास स्रोत केन्द्र विकासका लागि नवलपरासी (बर्दघाट सुस्तापूर्व) मा भवन तथा जग्गासम्बन्धी कार्ययोजनासहितको प्रस्ताव पेस गर्ने निर्णय गरिएको छ। सहकारीको क्षेत्रका बहुआयमिक प्रकृतिका समस्याहरू देखिरहेको सन्दर्भमा सोको नियमन तथा सुपरिवेक्षण कार्य कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको कार्य प्रकृति र उपलब्ध जनशक्तिसँग तालमेल नहुँदा प्रभावकारी रूपमा सम्पादन हुन नसकेको भन्दै बैठकले सहकारी क्षेत्रको नियमन तथा व्यवस्थापनका लागि कार्य प्रकृति मिल्ने मन्त्रालयअन्तर्गत समावेश गर्दा प्रभावकारी हुने उल्लेख गरेको छ। प्राकृतिक प्रकोपबाट क्षति बेहोरेका किसानलाई समयमा व्यवसाय पुनर्स्थापनाका लागि राहत उपलब्ध गराउन नसकिएको भन्दै बैठकले आगामी वर्षको बजेट तथा कार्यक्रममा व्यवस्था गरी पुनर्स्थापना सहयोग उपलब्ध गराउने निर्णय गरेको मुख्यमन्त्री पाण्डले जानकारी दिनुभयो।

विसं २०८० मङ्सिर ७ गते नेपाल राजपत्रमा प्रकाशित सूचनाअनुसार दर्ता भएको निजी वनमा लगाइएका वा हुर्किएका साल प्रजातिका रूख कटान, उपभोग, ओसारपसार र बिक्री-वितरण गर्न नेपाल सरकारबाट फुकुवा भएको र सो कार्यको सम्बन्धित प्रदेश सरकारले आवश्यक अनुगमन गर्नुपर्ने भन्ने विषय कार्यान्वयन हुन नसकेको उल्लेख गर्दै उक्त सूचनाअनुसार प्रदेश सरकारले आवश्यक अनुगमन गर्नुपर्ने विषय वन तथा वातावरण मन्त्रालयलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय भएको उहाँले बताउनुभयो। मुख्यमन्त्रीका अनुसार मुस्ताङ जिल्लामा रहेको उच्च उचाइ खेलमैदानको निर्माण लामो समयसम्म पनि सञ्चालन नभएको भन्दै खेलमैदानको निर्माणका लागि जग्गा र आवश्यक बजेट व्यवस्था गर्ने, प्रादेशिक जनरल तथा सरुवा रोग अस्पताल र लमजुङ अस्पतालको स्वीकृत दरबन्दीबमोजिम पद दर्ता हुन नसकेका साथै प्रदेश मातहत ल्याइएको बुर्तिबाङ र आँपपीपल अस्पतालमा आवश्यक जनशक्ति व्यवस्थापन नहुँदा सेवा प्रवाहमा कठिनाइ भएकाले प्रदेश निजामती किताबखानामा पद दर्ता गर्ने तथा बुर्तिवाङ र आँपपीपल अस्पतालमा आवश्यक जनशक्ति प्रदेश सरकारले व्यवस्थापन गर्ने निर्णय गरिएको छ। नदीजन्य पदार्थको सङ्कलन उत्खनन तथा बिक्री वितरण गर्न राजमार्गमा पर्ने खोलाहरू र राजमार्गबाट भित्र पर्ने खोलामा प्रदेश सरकारबाट एकै प्रकारको दररेट निर्धारण हुँदा राजमार्गको नजिकमा पर्ने स्थानमा मात्र ठेक्का लाग्ने र राजमार्गबाट टाढा रहेका स्थानमा खोला ठेक्का नजाने गरेकाले अपेक्षित राजस्व प्राप्त हुन नसकेको भन्दै बैठकले प्रदेश सरकारले आगामी आर्थिक वर्षको आर्थिक विधेयकमा राजमार्गबाट दूरीको हिसाबले दररेट तय गर्नुपर्ने उल्लेख गरिएको जनाइएको छ। बैठकमा गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा कृष्णचन्द्र देवकोटा, विभिन्न पालिकाका प्रमुख, प्रदेश मन्त्रालयका सचिव तथा मन्त्रीहरूले आ-आफ्ना पालिका एवं विषयगत मन्त्रालयका काम कारबाहीमा देखिएका समस्याबारे जानकारी गराउनुभएको थियो।

## हेमजा महोत्सवमा आलु किन्नेको घुइँचो

**पोखरापत्र संवाददाता**
पोखरा, २८ चैत

१३ औं राष्ट्रिय हेमजा आलु महोत्सव मध्येतिर आइरहदाँ आलु किन्नेहरुको सख्यामा हवात्तै बृद्धि भएको छ।

बिहीबारसम्म करिव ४५ हजारले महोत्सव अवलोकन गरेकोमा एक हजार दूई सय २५ घरपरिवारले आलु किनी लगेको आलु तथा कृषि उपज व्यवस्थापन उपसमिति संयोजक जयराम तिम्सिनाले जानकारी दिए। जसमध्ये प्रति घरपरिवारले सबैभन्दा कम १० देखि बढीमा २ सय केजीसम्म आलु किनी लगेको तिम्सिनाको भनाई छ। हेमजाको आलु बढी स्वास्थ्यकर मानिने, छिटो पाक्ने तथा खानमा पनि स्वादिलो र मिठो हुने भएकाले अधिकाशं उपभोक्ताको रोजाईमा पर्दै आएको बिहीबार महोत्सव स्थलमा आलु खरिद गर्दै गरेकी स्याङ्जा आधिखोलाकी पार्वती शर्माको भनाई छ।



आलु खरिद गर्नकै लागि त्यहाँ पोखरा लगायत छिमेकी अन्नपूर्ण एवम् माछापुच्छ्रे गाउँपालिका, स्याङ्जा, चितवन, तनहुँ, पर्वत, मुस्ताङ, बाग्लुङ, सुनसरी, रुपन्देही लगायतका जिल्लाबाट समेत मानिसहरु महोत्सव स्थल विष्णुपादुका खेल मैदान पुगेका छन्। आयोजकलाई त्यहाँ आलु बिक्री गर्न भ्याइनभ्याई भइरहेको छ भने बिहीबार साँझसम्म १३ लाख बढीको आलु कारोवार भएको छ। प्रतिकेजी रु.४२ मा आलु बिक्री गरिएको छ। महोत्सव मध्येतिर आइरहदाँ दर्शक सहभागिता पनि बढ्दै गएको हो। महोत्सवको पाँचौ दिन बिहीबार मात्रै १० हजार बढी दर्शकले महोत्सव अवलोकन गरेका छन्। दर्शक सहभागिता बढ्दै जाँदा आयोजक समेत हैसिएको छ। महोत्सव अन्तर्गत बिहीबार कलाकारहरु एलिना चौहान, जीवन दाहाल, रेशम निर्दोष, सरस्वती लामिछाने, परशुराम अधिकारी, सुभद्रा श्रेष्ठका प्रस्तुतिहरु रहे। त्यस्तै शुक्रबार शान्तारानी परियार, कुमार पुन, जीवन दाहाल, लक्ष्मी नेपाली, विजय केसी, कृष्ण सुवेदी, गगन गुरुङ, वसन्ती थापा लगायत कलाकारहरुका प्रस्तुति रहनेछन्। त्यस्तै रत्यौली गीत प्रतियोगिता पनि जारी छ। महोत्सवको आकर्षणका रुपमा आलु तथा ताजा तरकारीको बृहत प्रदर्शन, आलुको पहाड निर्माण, आलुका विभिन्न परिकार, कृषकका लागि माटो, बोटविरुवा परीक्षण तथा रोगको निदान रहेका छन्।

त्यस्तै कृषक तथा कृषि सम्बन्धी विविध सांस्कृतिक कार्यक्रम, कृषि झाँकी प्रतियोगिता, चर्चित कलाकार हरुका प्रस्तुति, कृषक सम्मान साथै विभिन्न कृषि उपज, वीउविजन तथा अन्य कृषि यन्त्रको प्रदर्शनी पनि छन्। महोत्सव यही बैशाख ३ गतेसम्म चल्नेछ।

## गण्डकी प्रदेशसभामा १० विधेयक विषयगत समितिमा

**पोखरापत्र संवाददाता**
पोखरा, २८ चैत

गण्डकी प्रदेशसभाको गत हिउँदे अधिवेशनमा पेस भएका १० वटा विधेयक दफाबार छलफलका लागि विषयगत समितिमा पुगेका छन्।

विधेयक अधिवेशनका रुपमा लिइने हिउँदे अधिवेशनमा सामान्य सैद्धान्तिक छलफल गरी दफाबार छलफलका लागि सम्बन्धित समितिमा पठाइएको प्रदेशसभा सचिवालयका सूचना अधिकारी प्रेम सुवेदीले जानकारी दिनुभयो। अधिवेशनमा विद्युत् विकास, औद्योगिक ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक र मगर तथा गुरुङ भाषालाई सरकारी कामकाजको भाषाका रूपमा प्रयोग गर्ने सम्बन्धमा बनेको विधेयक प्रदेशसभामा पेस भएको छ।

यसैगरी दलित अधिकार तथा सशक्तीकरण, अपाङ्गता भएका व्यक्तिको अधिकार, खानी तथा खनिज, भवन निर्माण तथा बस्ती विकास, खाद्य अधिकार तथा खाद्य गुणस्तर, जनस्वास्थ्य सेवासम्बन्धी र घरेलु मदिराको उत्पादनलाई नियमन तथा व्यवस्थापन गर्न बनेको विधेयकमाथि प्रदेशसभा बैठकमा सामान्य सैद्धान्तिक छलफलपछि दफाबार छलफलका लागि विषयगत समितिमा पुगेको सूचना अधिकारीले सुवेदीले बताउनुभयो।

"विषयगत समितिमा पठाइएका १० विधेयकमाथि दफाबार छलफलपछि पुनः प्रदेशसभामा छलफल गरी कानुन निर्माणको प्रक्रिया अगाडि बढ्छ", उहाँले भन्नुभयो। मङ्गलबार रातिदेखि अन्त्य भएको हिउँदे अधिवेशनले छ विधेयक र प्रदेशसभा नियमावली पारित गरेको जनाइएको छ।

गत माघ २१ गते सुरु भएको हिउँदे अधिवेशनबाट साझेदारी फर्मको नियमन र व्यवस्थापन, सार्वजनिक सडक निर्माण, विस्तार तथा मर्मतसम्भार, प्रदेश निजामती ऐन, २०७९ लाई संशोधन गर्न बनेको विधेयक, जीवनाशक विषादी व्यवस्थापन, कर असुलसम्बन्धी र केही गण्डकी प्रदेश ऐन खारेज गर्ने विधेयक पारित भएको प्रदेशसभा सचिवालयले जनाएको छ।

## ट्रकको ठक्करले स्कुटरमा सवार बाबुको मृत्यु छोरी घाइते

**पोखरापत्र संवाददाता**
पोखरा, २८ चैत

पोखराको व्यस्त बजार पृथ्वीचोक बसपार्क क्षेत्रको सडकमा ट्रकले स्कुटरलाई ठक्कर दिदा स्कुटरमा सवार बाबुको मृत्यु भएको छ भने स्कुटर चालक (छोरी) भने घाइते हुनु भएको छ।

पाेखराकाे बुद्धचोकदेखि पृथ्वीचोक तर्फ आउदै गर्दा बसपार्क अगाडि विहीबार दिउँसो ना ५ ख ६२२२ नम्बरको ट्रकले ग १६ प २०७५ नम्बरको स्कुटरलाई ठक्कर दिँदा स्कुटरमा सवार पोखरा १४ का ५३ बर्षीय शिवराज कँडेलको उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ।

ट्रकले स्कुटरलाई ठक्कर दिएसंगै गम्भिर घाइते हुनु भएको शिवराजको गण्डकी मेडिकल केलजमा उपचार गर्न लगे पनि केही समय पश्चात चिकित्सकले उहाँलाई मृत घोषणा गर्नु भएको थियो।

स्कुटर चालक २३ वर्षीया सुस्मिता कँडेल घाइते हुनु भएको जिल्ला ट्राफिक कार्यालय कास्कीका ट्राफिक प्रहरी निरिक्षक शोभा पाण्डेयले बताउनु भयो। शिवराज नेकपा (माओवादी केन्द्र) कास्कीका नेता समेत हुनुहुन्थ्यो। घटनाको बारेमा थप अनुसन्धान भई रहेको प्रहरीले जनाएको छ।

स्कुटर चालक (शिवराजकी छोरी) सुस्मिताको हात र घुँडामा सामान्य चोट लागेको छ। एकै तर्फ आउदै गर्दा उक्त दुर्घटना भएको उहाँले जनाउनु भयो। ट्रक चालक नुवाकोट स्थित वेलकोट नगरपालिकाका ३५ बर्षीय प्रकाश अधिकारीलाई प्रहरीले नियन्त्रणमा लिइएको छ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# अन्तरविद्यालय छात्रा टि-२० क्रिकेट प्रतियोगिताको उपाधिका लागि भद्रकाली र वाराही मावि भिड्ने

**पोखरापत्र संवाददाता**
पोखरा, २८ चैत

पोखरा महानगरपालिका अन्तर विद्यालय छात्रा टि-२० क्रिकेट प्रतियोगिताको उपाधिका लागि भद्रकाली मावि र वाराही मावि आमनेसामने हुने भएका छन् ।

विहीबार भएको सेमीफाइनल खेलमा भद्रकालीले अमरसिंह मावि र वाराही माविले त्रिभूवन शान्ती माविलाई पराजित गर्दै उपाधि भिडन्त पक्का गरेका हुन् । फाइनल खेल शुक्रबार हुने आयोजक पोखरा महानगरापालिका क्रिकेट संघका अध्यक्ष बिरेन्द्र गुरुङले जानकारी दिए । प्रतियोगिता अन्तर्गत विहीबार भएको पहिलो सेमीफाइनल खेलमा भद्रकाली माविले अमरसिंह माविलाई १ रनले पराजित गऱ्यो । पानी परेर ५ ओभर घटाएर १० ओभरमा झारिएको खेलमा टस जितेर अमरसिंह माविले फिल्डिङ रोजेपछि पहिलो ब्याटिङमा उत्रिएको भद्रकाली



माविले निर्धारित १० ओभरमा ५ विकेटको क्षेतीमा ९५ रन बनाएको थियो । भद्रकाली माविका लागि रिया तामाङले २१ बलमा ३३ रन र रिसा तामाङले १६ बलमा १२ रनको योगदान दिए । अमर सिंह माविकी चन्द्रमाया बरालले कसिलो बलिङ गर्दै २ ओभरमा ८ रन खर्चेर २ विकेट र सुविना गुरुङले २ ओभरमा २० रन खर्चेर २ विकेट हत्याए । ९६ रनको लक्ष्य पछ्याएको अमरसिंह मावि निर्धारित १० ओभरमा ४ विकेट गुमाएर ९४ रनमा सिमित भएपछि भद्रकाली मावि १ रनले बिजयी भएको हो । भद्रकाली माविका लागि तीर्था तामाङले ३० बलमा २४ रन र सोफिया गुरुङले २१ बलमा १८ रनको योगदान दिएपनि हार टार्न सकेनन् । भद्रकालीकी रिया तामाङले २ ओभरमा १५ रन खर्चेर २ विकेट लिएकी थिईन् ।

पहिलो सेमीफाइनल खेलमा भद्रकालीकी रिया तामाङ प्लेयर अफ दी म्याच घोषित भईन् ।

दोश्रो सेमीफाइनल खेलमा वाराही माविले त्रिभूवन शान्ति माविलाई ६ विकेटले पराजित गर्दै सेमीफाइनल यात्रा तय गऱ्यो । त्रिभूवन शान्ति माविले टस जितेर ब्याटिङ रोज्दै निर्धारित १५ ओभरमा ५ विकेटको क्षेतीमा १०२ रन बनायो । त्रिभूवन शान्ती माविकी अनुस्का नेपालीले २२ बलमा २५ रन र विपासा कार्कीले २० बलमा १४ रन बनाउनुबाहेक अन्यले उल्लेख्य रन बनाउन सकेनन् ।

वराही माविकी सुस्मा पौडेलले ३ ओभरमा १८ रन खर्चेर २ विकेट हत्याईन् । १०३ रनको लक्ष्य पाएको वाराही माविले ९.३ ओभरमा ४ विकेटको क्षेतीमा लक्ष्य भेट्टाउँदै सेमीफाईनल यात्रा सुनिश्चित गरेको हो । वाराही माविकी सफलता भुजेलले २३ बलमा २२ रन र कुसुम बास्तोलाले १७ बलमा १३ रन बनाए । त्रिभूवन शान्ती माविकी खुश्बु यादवले ३ ओभरमा २८ रन खर्चेर २ विकेट लिएपनि हार टार्न सकिनन् । दोश्रो सेमीफाइनल खेलमा सुष्मा पौडेल प्लेयर अफ दी म्याच घोषित भईन् ।

# तेस्रो एबिसी भेट्रान्स कप रनिङ शिल्डको उपाधि हेटौडालाई

**पोखरापत्र संवाददाता**
पोखरा, २८ चैत

तेस्रो एबिसी भेट्रान्स ४५ वर्षमाथि एट ए साइड भेट्रान्स कप रनिङ शिल्डको उपाधि हेटौंडा भेट्रान्सले हात पारेको छ । अमर सिंह ब्वाइज क्लबले आयोजना बिहिबार पोखरा रंगशालामा सम्पन्न फाइनल खेलमा हेटौंडा भेट्रान्सले रुपन्देही ११ लाई २ - ० गोल अन्तरले पराजित गर्दै उपाधि उचालेको हो । उपाधि संगै हेटौंडाले नगद १ लाख ५५ हजार ५ सय ५५, शिल्ड, मेडल र प्राप्त गरे ।

उपबिजेता रुपन्देही ११ ले नगद ७७ हजार ७ सय ७७, शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरे । फाइनल खेलमा पहिलो हाफको १९ औं मिनेटमा हेटौडाका उमल मोक्तानले पहिलो गोल गर्दै टोलीलाई १-० को अग्रता दिलाए । त्यस्तै दोश्रो हाफको २७ औं मिनेटमा अटल बर्माले दोश्रो गोल गर्दै हेटौडाको उपाधी सुनिश्चित गराए । उक्त खेलमा प्लेयर अफ दी म्याच हेटौडाका उमल मोक्तान घोषित भए । त्यस्तै




प्रतियोगितामा मोस्ट भ्यालुयबल प्लेयर अफ द टुर्नामेन्टको उपाधि हेटौडाकै उदय गुरुङले हात पारे । गुरुङले नगद १० हजार प्राप्त गरे ।

प्रतियोगिताका विजेताहरुलाई गण्डकी प्रदेश सभा सदस्य सरस्वती गुरुङ, एबिसी क्लबका अध्यक्ष राजेश गुरुङ, पोखरा महानगरपालिका वडा नं १० का सदस्य परमेश्वर बहादुर कार्की, एबिसी हङकङका सल्लाहकार रक्षा गुरुङ, एबिसी युकेका सल्लाहकार भोज बहादुर गुरुङ, गण्डकी प्रदेश फुटबल संघका महासचिव विनोद गुरुङ, जिल्ला खेलकुद विकास समितिका अध्यक्ष मिलन गुरुङ, लगायतले पुरस्कार वितरण गरेका थिए । सो अवसरमा बोल्दै गण्डकी प्रदेश सभा सदस्य सरस्वती गुरुङले समाज रुपान्तरण र खेल क्षेत्रको बिकासको लागि एबिसी क्लबले महत्वपूर्ण योगदान पुऱ्याएको बताइन ।

एबिसी क्लबले भेट्रान्स फुटबल प्रतियोगिताको आयोजना गरी एक आपसमा भाइचारा अभिवृद्धि संगै शारिरीक तन्दुरुस्तका लागि समेत प्रौढ उमेर समुहलाई प्रेरिरत गर्ने काम गरेको समेत बताइन । अमरसिंह ब्वाइज क्लब एबिसीका अध्यक्ष राजेश गुरुङले बिगतका संस्करणहरु जस्तै तेस्रो संस्करणको भेट्रान्स कप सफलतापूर्वक सम्पन्न गराउन सहयोग गर्ने प्रति आभार ब्यक्त गरे ।

# केपी ओली टी-२० कप: गण्डकी हिरोज सेमीफाइनलमा

**पोखरापत्र संवाददाता**
पोखरा, २८ चैत

पोखरामा जारी दोस्रो केपी ओली कप टी-२० राष्ट्रिय पुरुष क्रिकेट प्रतियोगिताको समूह 'बि' बाट गण्डकी हिरोज रनरेटको आधारमा सेमीफाइनलमा प्रवेश गरेको छ ।

मदन भण्डारी स्पोर्ट्स एकेडेमीको आयोजनामा पोखरा रंगशालास्थित क्रिकेट मैदानमा जारी प्रतियोगिताको छैटौं दिन समूह 'बि' तर्फका अन्तिम खेल हुने भनिएपनि बुधबार रातीको अविरल वर्षासंगै बिहिबारको प्रतिकुल मौसमले खेल हुन नसकेपछि रनरेटको आधारमा हिमालयन क्रिकेट एकेडेमीलाई पछि पार्दै गण्डकी हिरोज शिर्षस्थानमा रह्यो । कुल २ खेल खेलेको गण्डकीको २ जितसहित ५ अंक रहँदा समान खेल खेलेको हिमालयनको पनि समान अंक रहेको थियो । उता



ग्रेट हिमालयन क्रिकेट एकेडेमी र चितवन क्रिकेट क्लबको पनि कुल २ खेलबाट समान १/१ अंक रहेको थियो । बिहिबार समूह चरणमा आफ्नो अन्तिम खेल अन्तरगत चितवन र ग्रेट हिमालय बिच पहिलो तथा गण्डकी र हिमालयन बिचमा दोस्रो खेल हुने तालिका थियो । दुवै खेल मौसमका कारण रोकिएपछि नेट रनरेटको आधारमा गण्डकी शीर्ष स्थानमा रहँदै अन्तिम चारमा पुग्ने दोस्रो टोली बनेको छ । गण्डकीको रनरेट १.४३४६ रहँदा हिमालयनको ०.८१५८ रह्यो । ग्रेट हिमालय माइनस २.११२८ अंकका साथ तेस्रो स्थानमा रहँदा माइनस ३.४७२५ अंकका साथ चितवन पुछारमा रह्यो । समूह 'ए' बाट यस अघि शीर्षस्थानमा रहँदै सिइसी काठमाडौं सेमीफाइनलमा प्रवेश गरेको थियो काठमाडौंले आफ्नो ३ मध्ये ३ खेलमा नै जित हासिल गर्दै ६ अंकका साथ शीर्ष स्थानमा रहेको थियो । कुल १६ टिमको सहभागिता रहेको प्रतियोगितामा ४ समूह रहेका छन् । अब समूह 'सी' र 'डी' तर्फका खेल हुन बाकी रहेका छन् । हरेक समूहको शीर्ष स्थानमा रहने टोलीले अन्तिम चारमा प्रवेश गर्नेछन् । चैत २३ गतेबाट सुरु भएको प्रतियोगिता बैशाख ५ गतेसम्म सञ्चालन हुनेछ । प्रतियोगितामा उपाधि विजेता टिमले नगद रु १० लाख र उपविजेताले नगद रु पाँच लाखका साथमा ट्रफी, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । यसैगरी 'प्लेयर अफ द सिरिज' ले रु ३० हजार, वेष्ट बलर, बेष्ट व्याटरले जनही रु १० हजार र 'प्लेयर अफ द म्याच'ले रु पाँच हजारका साथमा ट्रफी प्राप्त गर्ने छन् । प्रतियोगितामा भोलि समूह 'सी' तर्फ कर्णाली एकेडेमी र मधेश प्रदेश क्रिकेट क्लबबिच पहिलो तथा हिमाल फ्रेन्डस क्रिकेट क्लब र लुम्बिनी खुकुरी बिच दोस्रो खेल हुनेछ ।

# ल्वाङगाउँमा भलिबल जारी

**पोखरापत्र संवाददाता**
पोखरा, २८ चैत

ग्रिनहिल युवा क्लबको आयोजनामा कास्कीको माछापुच्छ्रे गाउँपालिका ८ पर्यटकीय ल्वाङगाउँमा जारी ऐतिहासिक ३१ औं चैत्र दशैं मेलामा पुरुष भलिबल अन्तर्गत क्वाटरफाइनलका ३ खेल सकिएका छन् ।

क्लबका अध्यक्ष सुजन गुरुङका अनुसार युके लण्डन, टि गार्डेन र घाचोक सेमिफाइनलमा प्रवेश गरेका हुन् । युके लण्डनले घाचोक टिम 'बि'लाई २-० को सोझो सेटमा पाखा लगाउदै युके लण्डन सेमिफाइनलमा प्रवेश गर्यो । टि गार्डेनले सिदिङलाई पनि २-० कै सेटमा हराउँदै टि गार्डेन अन्तिम चारमा प्रवेश गर्यो । अब सेमिफाइनलमा टि गार्डेनले युके लण्डनको सामना गर्नेछ ।

यस्तै अर्को क्वाटरफाइनल खेलमा पञ्चासेलाई घाचोकले २-१ को सेटमा पराजित गर्दै घाचोक पनि सेमिफाइनलमा प्रवेश



गर्यो । भिचोक र पुलामुखबीचको अन्तिम क्वाटरफाइनलको खेल शुक्रबार हुनेछ ।

उक्त खेलको विजेता टोलीले सेमिफाइनलमा घाचोकसँग प्रतिस्पर्धा गर्ने खेल संयोजक अनोद गुरुङले जानकारी दिए । उनका अनुसार यसअघि महिलातर्फ हिमशिखर क्लब धम्पुस र बौद्धसिर्जना क्लब घलेल फाइनलमा प्रवेश गरिसकेको छ । बुधबार बेलुकी लाइभ कन्सर्टतर्फ निष्कर्ष ब्याण्डले प्रस्तुती दिएको थियो ।

पुरुषतर्फको विजेता टिमलाई नगद १ लाख १० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिनेछ । यस्तै उपविजेता टिमलाई नगद रु ६० हजारसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिनेछ । तृतीय स्थान हाँसिल गर्ने टिमले नगद रु २० हजारसहित शिल्ड, मेडल तथा प्रमाणपत्र हात पार्नेछ । भने, सान्त्वना स्थान हाँसिल गर्ने टिमलाई नगद रु १० हजारले पुरस्कृत गरिनेछ ।

यसैगरी महिलातर्फ प्रथम हुने टिमलाई नगद रु २० हजार, द्वित्तियलाई १० हजारसहित शिल्ड, मेडल तथा प्रमाणत्र प्रदान गरिनेछ ।

# शनिबार मिडिया कप किङ्स बुद्धिचाल प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २८ चैत

पोखरामा चैत अन्तिममा मिडिया कप किङ्स बुद्धिचाल प्रतियोगिता हुने भएको छ । चैत ३० गते शनिबार प्रतियोगिता हुन लागेको हो ।

माईन्ड फ्रेस चेस क्लब पोखरा कास्कीको आयोजनामा हुने प्रतियोगिता नेपाल पत्रकार महासंघको भवनमा हुनेछ । प्रतियोगिता सहभागीता जनाउनका लागि आयोजक माईन्ड फ्रेस चेस क्लबका अध्यक्ष युवराज भण्डारीले आग्रह गरेका छन् । प्रतियोगिताको बिजेताले नगद ५ हजार मेडल र ट्रूफि प्राप्त गर्ने छन् । प्रतियोगित दोस्रो, तेस्रो हुनेल नगद ३ हजार, २ हजार र मेडल प्राप्त गर्ने छन् । त्यसै गरी सातौं स्थान सम्म प्राप्न गर्ने खेलाडी मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् । प्रतियोगितालाई पोखराको महेन्द्रपुलमा रहेको किङ्स इन्स्टिच्युटले मुख्य प्रायोजना गरेको छ । प्रतियोगितालाई अन्नपूर्ण गाउँपालिका कास्की, रुपा गाउँपालिका, फेदीखोला गाउँपालिका, नेपाल पत्रकार महासंघ कास्कीले सघाएका छन् ।


## जनहितमा जारी जरूरी सूचना

मानव बस्तीमा चितुवा प्रवेश गरी विशेष गरी बालबालिकालाई आक्रमण गरी घाइते बनाउने एवं मारेर खानेसम्मका दुःखद घटनाहरु घटीरहेका छन् । यसरी चितुवाको आक्रमणबाट हुने जनधनको क्षति बर्षेनी बढ्दो क्रममा देखिएकोले वन्यजन्तुको आक्रमणबाट बच्नको लागि सावधान होऔं । यस किसिमका घटनाहरुबाट बच्नको लागि आफ्ना बाबुनानीहरुलाई साँझ बिहानको समयमा घरबाहिर निस्कन नदिने, निस्कनै पर्ने भएमा अभिभावकको साथमा सुरक्षित भएर निस्कौं । आफ्नो बस्ती नजिकै चितुवा देखेमा वा बस्तीमा प्रवेश गरेको जानकारी प्राप्त भएमा नजिकैको सुरक्षा निकाय वा वन कार्यालयमा जानकारी दिने तर चितुवा देखिएको स्थानमा भिड जम्मा भई नजिकै जाने वा होहल्ला गर्ने वा चितुवालाई कुनै पनि तरिकाले जिस्काउने कार्य नगरौं ।

अनुरोधक
गण्डकी प्रदेश सरकार

## नागरिक वडापत्रको उपयोग गरौं ।

नागरिक वडापत्रमाः

◆सम्बन्धित कार्यालयले दिने सेवा र त्यसको प्रकृति,
◆सेवाग्राहीले सेवा प्राप्त गर्न पूरा गर्नुपर्ने कार्यविधि,
◆सेवा प्राप्त गर्न लाग्ने शुल्क र समयावधि,
◆सेवा प्रदान गर्ने जिम्मेवार पदाधिकारी र निजको कार्यकक्षको विवरण,
◆तोकिएबमोजिम अन्य कुरा उल्लेख गरिएका हुन्छन् ।

सेवाग्राहीलेः

◆समयमा सेवा प्राप्त नभए तत्काल कार्यालय प्रमुख वा तोकिएको अधिकारी समक्ष उजुरी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
## माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : विसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

आफुले कमाउनु भन्दा कम खर्च गर्ने गर ।

– पल क्लिथेरोई

## सम्पादकीय

# नेपाल बारमा सत्ता गठबन्धनको क्लिन स्वीप

नेपाल बार एसोसिएसनको अध्यक्षमा नेपाली कांग्रेस-नेकपा एमालेनिकट कानुन व्यवसायीहरूको प्यानलका उम्मेदवार प्राडा विजयप्रसाद मिश्र निर्वाचित भएका छन् । गत चैत २३ गते सम्पन्न निर्वाचनको मतपरिणाम बिहीबार सार्वजनिक भएको छ। मिश्र कांग्रेसनिकट डेमोक्रेटिक लयर्स एसोसिएसन (डीएलए) र एमालेनिकट पेसागत कानुन व्यवसायी संगठन (पीपीएलए)का साझा उम्मेदवार रहेका थिए । नेकपा माओवादी केन्द्रनिकट गणतान्त्रिक कानुन व्यवसायी संगठन (आरपीएलए)का रमनकुमार श्रेष्ठ उनका प्रतिद्वन्द्वी रहेका थिए ।

तीन दशकभन्दा लामो समयदेखि कानुनी क्षेत्रमा सक्रिय मिश्र एक प्रखर कानुनी अभियन्ता, कानुन क्षेत्रका विज्ञ मानिन्छन् । नेपाल ल क्याम्पसका प्राध्यापकसमेत रहेका उनको शिक्षा क्षेत्रमा पनि योगदान छ। उनी नेपाल ल क्याम्पसका प्रध्यापक हुन्। कानुनी अनुसन्धानकर्ता समेत रहेका मिश्रले बारको निर्वाचनमा संविधान संशोधन, उपराष्ट्रपतिलाई राष्ट्रियसभाको अध्यक्ष बनाउने, न्याय परिषद्को पुनसंरचना, प्रधानन्यायाधीशलाई संवैधानिक परिषद्को सदस्य नहुने व्यवस्थासहित कानुन व्यवसायीको हकहितका क्षेत्रमा काम गर्ने एजेन्डा अघि सारेका थिए ।

उनले यसअघि बारमा महासचिवको भूमिकामा रहेर पनि काम गरिसकेका छन् । २०६६ देखि २०६९ सालसम्म उनले महासचिवको भूमिकामा रहेर काम गरेका थिए। २०७९ सालमा त्रिभुवन विश्वविद्यालयबाट 'नेपालमा कानुनी पेसाः विगत र भविष्य' शीर्षकमा विद्यावारिधि गरेका मिश्रले २०५५ सालमा त्रिभुवन विश्वविद्यालयबाट मास्टर अफ ल (एलएलएम) गरेका थिए । अनुसन्धान तथा लेखनमा पनि पनि सक्रिय उनका दर्जनौं लेख र पुस्तकहरू समेत प्रकाशित छन् । यसअघि महासचिवका अलावा नेपाल बारको केन्द्रीय सदस्य र जिल्ला बार अध्यक्षजस्तो जिम्मेवारी पनि पूरा गरिसकेका उनले आफ्नो कार्यकालमा कानुनी सुधारको पहलकदमी गर्दै कानुनी पेसालाई पारदर्शी, मर्यादित, र उत्तरदायी बनाउने अभियान चालेका थिए। कानुनी शिक्षालाई सुधार गर्दै, कानुनी सेवाहरूलाई प्रभावकारी बनाउने पक्षमा उनले आवाज उठाउँदै आएका छन् ।

बारको अध्यक्षका रूपमा न्यायिक क्षेत्रमा देखिएका भ्रष्टाचार, ढिलासुस्ती,र असमानताको अन्त्य गर्ने प्रतिबद्धता उनले गरेका छन् । झण्डै दोब्बर मतले विजयी बनेका मिश्रले ५०५२ मतसहित विजयी हुँदा उनका निकटतम प्रतिस्पर्धी विपक्षी गठबन्धनबाट भिडेका माओवादीनिकट कानून व्यवसायी समूहका रमण श्रेष्ठ २६२१ मतमा रोकिए । दुईजनाबीचको मतान्तर २४३१ छ । त्यस्तै महासचिवमा कांग्रेस -एमाले प्यानलका केदारप्रसाद कोइराला ४८७४ भोट ल्याएर विजयी हुँदा यज्ञमणि न्यौपानेले २३६७ भोटमात्र ल्याए । नवनिर्वाचित अध्यक्ष मिश्रले बारमा सवैलाई समेटेर एकजुट भएर अघि बढ्ने बताए । स्वतन्त्र न्यायपालिका वास्तविक रूपमा स्थापित गर्ने र स्वच्छ न्यायपालिकाको स्थापनाका लागि पहल गर्ने उनको प्रतिवद्धता छ । मिश्रले लयर्स एकेडेमीको स्थापनामार्फत कानून व्यवसायीहरुको अध्ययन प्रशिक्षण तथा तालिमका लागि पर्याप्त अवसरको योजना सुनाए ।

संविधान संशोधनमा समेत बारले महत्वपूर्ण योगदान पुऱ्याउने पनि मिश्रले बताए। बारको उपाध्यक्षमा कोशी प्रदेशबाट पदमप्रसाद लिम्बू, मधेसबाट अजयशंकर झा, बागमतीबाट तेजबहादुर रावल, गण्डकीबाट भुपेन्द्र खनाल, लुम्बिनीबाट कृष्णप्रसाद पोखेल, कर्णालीबाट विवशकुमार बस्नेत र सुदूरपश्चिमबाट सिद्धराज ओझा निर्वाचित भए । महिला उपाध्यक्षमा सरस्वती श्रेष्ठ र कोषाध्यक्षमा जगतबहादुर कार्की विजयी भए । शनिबार भएको बारको चुनावमा ९९५७ मतदातामध्ये करिब ८० प्रतिशत मतदान भएको थियो । मतदानका लागि काठमाडौं र बाहिर गरी ३६ केन्द्र तोकिएको थियो । बारमा २४ बर्षपछि एमालेले महासचिव सहित १२ पदाधिकारी तथा सदस्य जितेको छाकाङ्ग्रेस अध्यक्ष सहित १२ सिट जितेको छा१ सिटमा राप्रपा निकटले जितेका छन।बहुमतको लागि राप्रपा निर्णयक बनेको छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : आर्थिक समस्या |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : कार्यमा सफलता | धनु | : मानसिक तनाब |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शत्रुको भय |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : झमेला बड्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# गएको मनसुनपछि निकै कम वर्षा

**रासस**
काठमाडौं, २८ चैत

गएको मनसुनपछि नेपालमा राम्ररी वर्षा हुन सकेको छैन ।

जल तथा मौसम विज्ञान विभागका अनुसार यही चैत ९ र १० (मार्च २२ र २३) गते देशका अधिकांश भू-भागमा हल्कादेखि मध्यम वर्षा भएकामा तत्पश्चात् पर्याप्त वर्षा हुन सकेको छैन । पश्चिमी वायुको प्रभाव ज्यादै कमजोर रहेकाले विगत लामो समयदेखि देशभर पर्याप्त वर्षा नभएको तथा तापक्रममा वृद्धि हुँदा वायुमण्डल सुक्खा रहेको विभागकी प्रवक्ता विभूती पोखरेलले बताउनुभयो । त्यसैले तुवाँलोको प्रभावले वायुमण्डलको पारदर्शितासमेत न्यून हुन गई हालको वायु प्रदूषणलाई थप जोखिमयुक्त अवस्थामा पुऱ्याउन भूमिका खेलेको उहाँले बताउनुभयो ।

अप्रिल महिनाको जलवायु आकलनअनुसार सरदर (५८ दशमलव सात मिमी) वा सरदरभन्दा कम वर्षा हुन सक्ने सम्भावना रहेको विभागले जनाएको छ । यही चैत २८ सम्म देशका पहाडी क्षेत्रमा वर्षाको सम्भावना भए पनि ठूलो वर्षा नहुने र देशभरको मौसममा अपेच्छित सुधार हुने अवस्था नदेखिएकाले मौसमसम्बन्धी जानकारी अद्यावधिक गरिरहन तथा आवश्यक सतर्कता अपनाउन विभागले सबैमा अपिल गरेको छ।

यस वर्ष मनसुनपश्चात् पोष्ट-मनसुनको अवधि (अक्टोबरदेखि नोभेम्बर २०२४) मा देशभर सरदर (६४ मिमी) भन्दा १९ दशमलव ६४ प्रतिशत न्यून वर्षा भएको छ । तापक्रम पनि सरदर (२० दशमलव एक डिग्री सेल्सियस) भन्दा शून्य दशमलव सात डिग्री बढी रहेको विभागले जनाएको छ । यसैगरी हिउँद अवधि (डिसेम्बर २०१४ देखि फेब्रुअरी २०२५) मा देशभर सरदर (६० दशमलव चार मिमी) भन्दा ७९ दशमलव ४४ प्रतिशत न्यून वर्षा भएको र तापक्रम सरदर (१३ दशमलव पाँच डि से) भन्दा शून्य दशमलव पाँच डिग्री बढी रहेको विभागले जानकारी दिएको छ । गएको मार्च महिनामा समेत देशभरको सरदर वर्षा (३२ दशमलव दुई मिमी) मा २९ दशमलव ५४ प्रतिशत कमी आएको तथा तापक्रममा सरदर (१८ दशमलव आठ डिग्री) भन्दा शून्य दशमलव आठ डिग्री बढी मापन भएको विभागले जनाएको छ।

# दोब्बरले बढ्यो भैरवस्थान मन्दिरको भेटी

**रासस**
बागलुङ, २८ चैत

बागलुङको धार्मिक शिक्तपीठमध्येको एक बलेवाको कालभैरव मन्दिरमा भेटी सङ्कलन दोब्बरले वृद्धि भएको छ । धार्मिक पर्यटक भित्र्याउँदै आएको भैरवस्थान मन्दिरमा पछिल्लो समय पूर्वाधार निर्माणले तीव्रता पाएसँगै यहाँ आउने दर्शनार्थीको सङ्ख्यामा वृद्धि भएको छ ।

मालपोत कार्यालयद्वारा ठेक्कामा भेटी सङ्कलन गरिँदै आएकामा चालु आर्थिक वर्षमा गुठी व्यवस्थापन समितिले जिम्मा लिएपछि भेटी सङ्कलन दोब्बरले वृद्धि भएको पाइएको छ । पछिल्लो समय बलेवा भैरवस्थान गुठी व्यवस्थापन समिति सक्रिय भएसँगै मन्दिरले मुहारै फेरेको छ भने भक्तजनको सुविधाका लागि पूर्वाधारसहित खानेपानी र शौचालयलगायतका काम भइरहेका छन् । गत आर्थिक वर्ष रु नौ लाखमा ठेक्कामा जिम्मा लगाइएको भेटी चालु आर्थिक वर्षको नौ महिनामै रु २० लाख भेटी सङ्कलन भएको भैरवस्थान गुठी व्यवस्थान समितिका अध्यक्ष ज्ञानेन्द्रराज ढकालले जानकारी दिनुभयो । ठेकेदारलाई एकमुष्ट जिम्मा लगाउँदा अन्य आम्दानी गर्नसमेत समस्या भएपछि आम्दानीको जिम्मा समितिले लिएको छ । समितिले जिम्मा लिँदा आम्दानी दोब्बरले बढेको र अझै तीन महिनामा केही रकम सङ्कलन हुने अपेक्षा गरिएको छ ।

"कोरोना कालमा रु ५० हजार भेटी सङ्कलन भएको थियो, त्यसयता रु तीन लाखदेखि अधिकतम रु नौ लाखसम्ममा मन्दिरको एकमुष्ट भेटी ठेक्कामार्फत सङ्कलन गरिएको थियो, तर अहिले समितिमार्फत नै भेटी सङ्कलन गर्न थालेपछि नौ महिनामै रु २० लाख सङ्कलन भइसकेको छ", ढकालले भन्नुभयो, "समितिले भेटीको जिम्मा लिएर अडिट गरेपछि १० प्रतिशत गुठीलाई दिइन्छ, समितिले भेटी सङ्कलनको जिम्मा लिएपछि गुठीको आम्दानीसमेत बढ्यो ।" पछिल्लो दुई वर्षयता बलेवा कालभैरवको पूर्वाधारमा रु ५९ लाख खर्च भइसकेको ढकालले जानकारी दिनुभयो । समितिको आन्तरिक रकमबाट ११ वटा व्यावसायिक सटर निर्माण गरेपछि आगमी वर्षबाट मन्दिरको आम्दानीसमेत थप बढेर जाने ढकालको भनाइ छ ।

समुद्री सतहदेखि एक हजार ४०० मिटरको उचाइमा रहेको भैरवस्थानको मुख्य मन्दिर भने पुरानो रहेको छ । भैरवस्थान मन्दिर गुठी व्यवस्थापन समिति सक्रिय भएसँगै कालभैरव मन्दिरमा पूर्वाधार निर्माणले गति लिएको छभने वर्षौंदेखिको ठेक्का तोडेर समितिले आम्दानी लिन थालेको छ ।

तीन सय वर्षभन्दा पुरानो मन्दिरमा पछिल्लो समय सडक सुविधा पुगेपछि धार्मिक पर्यटनमा वृद्धि भएको छ । बागलुङ नगरपालिका-१२ अमलाचौरमा रहेको कालभैरव मन्दिर भकुण्डे र रायडाँडासँग सिमाना जोडिएको छ । कालभैरव मन्दिरको प्रचारप्रसार र महिमाका कारण पछिल्लो समय आन्तरिक पर्यटक बढेपछि सडक स्तरोन्नति, पदमार्ग, व्यावसायिक सटरलगायता पूर्वाधार थपिँदा मन्दिरमा पुग्ने दर्शनार्थीको चाप बढ्दा भेटी सङ्कलनसमेत बढिरहेको ढकालको भनाइ छ । विसं १७८० तिर पाल्पाबाट ल्याइएका कालभैरवलाई यहाँ स्थापना गरिएको किंवदन्ती छ। मन्दिरमा मङ्गलबार र शनिबार विशेष पूजा हुने गर्दछ भने दसैं र चैतेदसैंमा मन्दिरमा दर्शनार्थीको बढी भीड लाग्ने गरेको छ।

पाल्पाका राजा मणिमुकुन्द सेनका पालामा दाजुभाइबीच झगडा परेपछि एक भाइ छुट्टिएर बलेवामा आएको र भैरवलाई पनि छुट्याएर यहीँ ल्याएर स्थापना गरेको विश्वास गरिन्छ । मनोकाङ्क्षा पूरा हुने जनविश्वासका कारण पछिल्लो समय मन्दिरमा दर्शनार्थीको सङ्ख्यामा बढ्दै गइरहेको छ।

# घार्मी कृर्षि वातावरण तथा पर्यटन सहकारीले शुभकामना आदानप्रदानसंगै भित्तेपात्रो विमोचन

**पोखरापत्र संवाददाता**
पोखरा, २८ चैत



पोखरा १९ घार्मीमा रहेको घार्मी कृर्षि वातावरण तथा पर्यटन सहकारीले नव वर्ष २०८२ को आगमनसंगै शुभकामना आदान प्रदान तथा भित्ते पात्रो विमोचन गरेको छ ।

संस्थाका अध्यक्ष पोषराज पौडेलको अध्यक्षतामा भएको सो कार्यक्रममा प्रमुख अतिथि वडाध्यक्ष पुष्पेन्द्र पाण्डेले भित्तेपात्रो विमोचन गर्नुभयो । कार्यक्रममा बोल्दै वडाध्यक्ष पाण्डेले सहकारीलाई गरिबी निवारण र उत्पादनमूखि बनाउन जोडदिनु भयो । त्यस्तै पर्यटन पर्वधनको सन्दर्भमा बोल्दै घार्मी सहरबाट अति नजिक रहेको पर्यटकीय ग्रामिण भेक रहेकोले यस क्षेत्रलाई सहकारिको माध्यमबाट पर्यटन प्रवर्धनमा थप योजनाहरु लागू गर्नसकिने कुरामा जोड दिनु भयो। कार्यक्रममा जिल्ला सहकारी संघका अध्यक्ष दिपक बास्तोलाले पछिल्लो समय सहकारी क्षेत्रमा केही नकारात्मक सन्देशहरु प्रवाह भैरहेको भएपनि नीति नियम र विधान संगत चलेका सहकारीहरु विश्वसनीय उदाहरणीय रहेको बताउदै घार्मी कृर्षि तथा पर्यटन सहकारीले छोटो समयमै अपेक्षाकृत प्रगति गर्दै आएको बताउनुभयो ।

संस्थाका सल्लाहकार बैकुण्ठ पौडेल,लेखा समिति सदस्य रामचन्द्र पौडेल , सेयर सदस्य सुनिता अधिकारी पौडेल, कृर्षि समन्वय उपसमिति सदस्य पोषराज पौडेल लगायतले कार्यक्रममा शुभकामना मन्तव्य राख्दै सहकारीको कार्यशैली प्रति प्रशंसा गर्नुभयो। संस्थाका अध्यक्ष पोषराज पौडेलले सहकारीका विभिन्न गतिविधि र भावि योजनाको विषयमा प्रकाश पार्नुभयो।सोअवसरमासहकारीको हितको लागि निरन्तर सहयोग गर्दै आउनुभएका सेयर सदस्य परशुराम पौडेललाई मायाको चिनो सहित सम्मान गरिएको थियो ।

संस्थाका सचिव राजकुमार पौडेलको संचालनमा रहेको सो कार्यक्रममा कोषाध्यक्ष ज्योति रेग्मी पौडेलले स्वागत मन्तव्य राख्नु भएको थियो भने सहसचिव लक्ष्मी अधिकारीले सहकारीका सिद्धान्तहरु वाचन गराउनु भएको थियो ।

# पर्यकटीय गाउँ चिनाउन नयाँ वर्षमा उकालो दौड प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
तनहुँ, २८ चैत




तनहुँमा पर्यटकीय गाउँ भुजिकोट क्षेत्रको प्रचार गर्न नयाँ बर्ष २०८२ को पहिलो दिन 'दोस्रो भुजिकोट स्थानथोक राष्ट्रिय खुला उकालो दौड प्रतियोगिता' हुने भएको छ । अन्नपूर्ण युवा क्लव कोत्रेको आयोजनामा प्रतियोगिता हुने भएको हो ।

आयोक क्लवका पुर्व अध्यक्ष एवं कार्यक्रमका संयोजक खेम गुरुङ्गले भूजिकोटसँगै समग्र वडामा पर्यटकीय गतिविधि सञ्चालन गर्न कार्यक्रम आयोजना गरिएको बताउनुभयो । उहाँले १८ देखि ४५ बर्ष उमेर समुहमा महिला र पुरुष सहभागि हुने गरि खुला दौड प्रतियोगिता हुने जानकारी दिनुभयो । शुक्लागण्डकी नगरपालिका वडा न २ को पर्यटकीय क्षेत्र भुजिकोट, स्थानथोक सहित यहाँ रहेका पुराना सास्कृतिक बस्ती, आदिबासी समुदायको संस्कृति, घरबास कार्यक्रम, ऐतिहासिक स्थलको अवलोकन र दृश्यावलोकन मार्फत यस क्षेत्रको प्रचार गर्न प्रतियोगिता सफल हुने संयोजक गुरुङ्गको विस्वास रहेको छ । क्लवका अध्यक्ष अनिल खनालको अध्यक्षतामा भएको कार्यक्रममा दौड सहित गुलेली हान्ने, कुखुराको भाले समाउने र सांस्कृतिक प्रस्तुती प्रदर्शन गर्ने लगायतका कार्यक्रम सञ्चालन गरिने जनाइएको छ । अध्यक्ष खनालले देशभरका २०० जना धावक सहभागि गराउने उदेश्य रहेको दावि गर्दै उत्कृष्ट २० जनासम्मलाई मेडल मार्फत सम्मान गर्ने बताउनुभयो ।

कार्यक्रमका प्रवक्ता तिर्थराज खनालले प्रतियोगितामा सहभागि भई विजेता हुने प्रथम सहित पाँचौ सम्मका धावकलाई क्रमश, ३३ हजार तीन सय ३३, २२ हजार दुई सय २२, ११ हजार एक सय ११, पाँच हजार पाँच सय ५५ र तीन हजार तीन सय ३३ नगद सहित सम्मान गरिने जानकारी दिनुभयो । कोत्रे चोकदेखि स्थानथोकसम्मको ९ किलोमिटरको दुरीमा प्रतियोगिता हुने जनाउदै प्रवक्ता खनालले धावकको नाम दर्ताका लागि रु दुई सय ५० शुल्क लाग्ने बताउनुभयो । उहाँले प्रतियोगिता सम्पन्न गर्न तीन लाख लागत अनुमान गरिएको जनाउनुभएको छ । क्लवले यस अघि २०७५ मा पनि भुजिकोट उकालो दौड प्रतियोगिता सञ्चालन गरेको थियो । कोरोना महामारी लगायतका विभिन्न कारणले रोकिएको प्रतियोगिता अव बर्षेनी आयोजना गर्ने क्लवले जनाएको छ । शुक्लागण्डकी नगरपालिका २ भूजिकोट-स्थानथोकबाट पोखराका तालतलैयादेखि हिमालयका शुन्दर दृश्य, विभिन्न जिल्लाका दृश्यवलोकन, राष्ट्रिय फुल लालिगुरासको अवलोकनका साथै ग्रामिण परिवेश नियाल्न सकिन्छ ।

# उत्तरी गोरखाको साम्दो क्षेत्रमा भारी हिमपात

**पोखरापत्र संवाददाता**
गोरखा, २८ चैत

उत्तरी गोरखाको चुमनुब्री गाउँपालिका-१ स्थित साम्दो क्षेत्रमा भारी हिमपात भएको छ । गए रातिदेखि लगातार हिमपात भइरहेको चुमनुब्री गाउँपालिकाका अध्यक्ष निमा लामाले जानकारी दिनुभयो ।

हिमपातका कारण त्यस क्षेत्रको जनजीवन प्रभावित भएको छ । चैतको अन्तिम सातामा परेको हिमपातले चिसो बढेको उहाँले बताउनुभयो । "गए रातिदेखि नै साम्दो र आसपासका क्षेत्रमा परेको हिमपातले घरका छानादेखि जमिनसम्म ढाकिएका छन्, हिमपातले यस क्षेत्रमा चिसो एक्कासी बढेको छ", उहाँले भन्नुभयो । साम्दोगाउँ समुद्री सतहदेखि करिब तीन हजार ८७७ मिटरको उचाइमा पर्छ । हिमपातका कारण लार्केपास गर्न हिँडेका पर्यटक रोकिएका छन् । स्थानीयवासीलाई घरबाहिर निस्कन कठिन भएको छ। हिमपातसँगै पर्यटक होटलमा आश्रय लिएर बसेको अध्यक्ष लामाले बताउनुभयो । लार्केपास पदमार्ग पूरै हिउँले ढाकेको छ ।


## प्रोभिजनल सर्टिफिकेट हराएको सूचना

**म दिक्षिका कुवरको बैदामदेखि लेकसाईड जाने क्रममा प्रोभिजनल सर्टिफिकेट सहित अन्य कागजपत्र हराएको हुँदा भेट्टाउने महानुभावले नजिकको प्रहरी कार्यालय अथवा तलको नम्बरमा सम्पर्क गरिदिनुहोला ।**

Name: Dishika Kunwar
Serial No: P 1353234
NEB. Reg. No : 804400510011
Symbool No : 24007483
**ठेगानाः पोखरा–६**
**सम्पर्क नं.** : 9701832709

# मुस्ताङ ट्रेल रेसमा सोलुखुम्बुकी शेर्पा प्रथम

**रासस**
मुस्ताङ, २८ चैत

मुस्ताङमा आयोजित 'ट्रेल रेस २०२५'मा सोलुखुम्बु दूधकुण्ड नगरपालिका-२ फेटाकी १९ वर्षीया आङफुर्वा शेर्पाले प्रथम स्थान हासिल गरेकी छिन् । मुस्ताङ ट्रेल रेसमा उच्च पर्वतीय हिमाली क्षेत्रको ट्रेल गर्दै उनी प्रथम भएकी हुन् ।

यही चैत १९ गतेदेखि सुरु भई आठ दिनसम्म सञ्चालन भएको नेपाली र विदेशी सम्मिलित ट्रेलरहरू उक्त ट्रेल रेसमा सहभागी भई बुधबार जोमसोम आइपुगेका हुन् । मुस्ताङको वारागुङ मुक्तिक्षेत्र-४ कागबेनीबाट उपल्लो मुस्ताङका विभिन्न स्थानमा तय गरिएको एक सय ७० किलोमिटर दूरी २३ घण्टा ५५ मिनेट २० सेकेन्डमा पूरा गर्दै सोखुखुम्बुकी शेर्पा प्रथम भएकी हुन् । यसैगरी, मुस्ताङ ट्रेल रेसमा क्यानाडाकी दाह्री अन्ना दोस्रो भएकी छिन् । उनले निर्धारित एक सय ७० किलोमिटर दूरी २७ घण्टा ५२ मिनेट दुई सेकेन्डमा पूरा गरिन् । ट्रेलमा जर्मनकी पेट्रा काउसेले निर्धारित दूरी २८ घण्टा तीन मिनेट ५० सेकेन्डमा पूरा गरिन् । ट्रेलमा प्रथम भएकी शेर्पाले आफूले वेबसाइटमार्फत थाहा पाएर यहाँ सहभागी हुन आएको बताइन् । चौँरी गोठमै हुर्किएर स्कुल पढेकी शेर्पा अहिले काठमाडौँमा बसेर स्नातकतह अध्ययन गरिरहेकी छिन् । सानैदेखिसाहसिक पदयात्रा (ट्रेल) गर्न मनपर्ने भएकाले यहाँ आएर सहभागिता जनाएको शेर्पाको भनाइ छ । "सोलुखुम्बु पनि उच्चस्थानको क्षेत्र हो, यद्यपि त्यहाँ रूखबिरुवाले हरियाली हुन्छ", उनले भनिन् । मुस्ताङको कागबेनीबाट चैले-घमी-लोमान्थाङ-कुन्छोलिङ छोसेर गुफा हुँदै पुनः लोमान्थाङ फर्किएर यारा-ताङ्ग्या-छुसाङ-मुक्तिनाथ हुँदै जोमसोमसम्म प्वाइन्ट निर्धारण गरेर मुस्ताङ ट्रेलको अङ्क मापन गरिएको मुस्ताङ ट्रेलमा सहभागी राम खत्रीले बताए । उनका अनुसार ट्रेलमा पाँच नेपालीसहित ४८ जना विदेशी नागरिकले सहभागी जनाएको छन् ।

# मुक्तिनाथ गुठीको सत्र हजार रोपनी जग्गा रैतानमा परिणत

**रासस**
मुक्तिनाथ, २८ चैत

यहाँको प्रसिद्ध धार्मिकस्थल मुक्तिनाथ मन्दिरको स्वामित्वमा रहेको म्याग्दीमा अवस्थित सदावर्त गुठीको ठूलो हिस्सा जमिन रैतानेमा परिणत गरिएको छ ।

म्याग्दीका साबिक छवटा गाविसमा रहेको यस मन्दिरको स्वामित्वमा रहेको जग्गा भोगचलनकर्ताहरूले प्रचलित सरकारी जग्गाको दरभाउअनुसार संस्थानलाई तोकिएको शुल्क बुझाएर आफ्नो बनाइसकेका छन् । मुक्तिनाथ विकास समितिका सदस्यसचिव एवं मालपोत कार्यालय मुस्ताङका प्रमुख सूर्यप्रसाद अर्यालले म्याग्दीमा रहेको सदावर्त गुठी संस्थानको ठूलो क्षेत्रफल जग्गा निजी सरह बनाइसकेको जानकारी दिनुभयो । म्याग्दीको राखुस्थित भगवती, पिप्ले, मौवाफाँट, कटुवाल, दोवा र दानामा अवस्थित गुठीको कुल २८ हजार ८९३ रोपनी क्षेत्रफल जग्गामध्ये १७ हजार ५४५ रोपनी जग्गा रैताने बनाइएको उहाँले जानकारी दिनुभयो । त्यसबेला म्याग्दीको राहुघाटसम्म मुस्ताङ जिल्ला रहेको सदस्यसचिव अर्यालले बताउनुभयो ।

मुक्तिनाथ मन्दिरमा जाने भक्तजनहरूको सेवासुविधाका लागि तत्कालीन राजाले त्यस क्षेत्रको खेतीयोग्य जमिन र वनजङ्गललगायत जग्गा मुक्तिनाथ मन्दिरको स्वामित्वमा रहने गरी सदावर्त गुठी संस्थान स्थापना गरेको भइतिहास छ । संस्थानको सो जग्गा नियमानुसार स्थानीयले भोगचलन गर्न पाउने र त्यसबापत आम्दानीको केही हिस्सा मुक्तिनाथ मन्दिरमा बुझाउनुपर्ने प्रावधान तोकिएको थियो ।

जग्गा भोगचलन गर्दै आइरहेकाहरूलाई जग्गा रैतानेमा परिणत गर्न पाउने व्यवस्थाअनुसार तोकिएको शुल्क सदावर्त गुठीलाई बुझाएर जग्गा निजी बनाइएको समितिका सदस्यसचिव अर्यालको भनाइ छ । त्यसबापत मालपोत कार्यालय म्याग्दीद्वारा गुठी संस्थानको अक्षय कोषमा रु ११ लाख ७५ हजार ७१३ जम्मा भएको तर त्यसको हिस्सा मुक्तिनाथ मन्दिरलाई प्राप्त नभएको उहाँले जानकारी दिनुभयो । अब गुठीका नाममा ११ हजार २४८ रोपनी क्षेत्रफल जग्गा बाँकी छ । त्यो जग्गा गुठीकै नाममा सुरक्षित रहेको छ । यसैगरी, मुक्तिनाथ मन्दिरका नाममा साबिक मुक्तिनाथ गाविस-१/ङ को कित्ता नं १ देखि ३३ सम्मको क्षेत्रफलमा ४९३ रोपनी १३ आना जग्गा रहेको जनाइएको छ । साबिक मुक्तिनाथ गाविस-१/ग को कित्ता नं ३०० र ३०१ कित्तामा छ रोपनी १२ आना जग्गा मुक्तिनाथ धर्मशालाको नाममा रहेको सदस्यसचिव अर्यालले जानकारी दिनुभयो ।

# मध्यपहाडी लोकमार्गको बाङ्गेचौर-उपल्लाचौर खण्ड स्तरोन्नति हुँदै

**रासस**
बागलुङ, २८ चैत

राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गको बागलुङ बजार खण्डमा स्तरोन्नति गरी कालोपत्र गर्न थालिएको छ ।

एक दशक अगाडि निर्माण भएको यो खण्ड मापदण्डभन्दा साँघुरो हुँदा फराकिलो बनाई कालोपत्र गर्न गर्न थालिएको हो । हाल करिब पाँच मिटर चौडा रहेको उक्त सडकलाई स्तरोन्नति गरी सात मिटर बनाइएको हो ।

तीन वर्ष अगाडि मध्यपहाडी लोकमार्ग आयोजनाले सडक डिभिजन कार्यालय बागलुङलाई सो सडक हस्तान्तरण गरेको थियो । बागलुङ नगरपालिका-१ बाङ्गेचौरबाट वडा नं ४ को उपल्लाचौरसम्मको दुई किलोमिटर फराकिलो बनाई कालोपत्र गर्न थालिएको सडक डिभिजन कार्यालयका सूचना अधिकारी विष्णुप्रसाद लामिछानेले जानकारी दिनुभयो ।

सडक स्तरोन्नतिका लागि रु छ करोड ७२ लाख ६५ हजारमा एचसीबिजिसीएस गोर्खा कम्पनीले जिम्मा पाएको उहाँको भनाइ छ । अहिले निर्माण कम्पनीले कामदार खटाएर धमाधम काम गरिरहेको छामिछानेले बताउनुभयो । यस सडकखण्डलाई सात मिटर चौडाको 'डबल लेन' बनाइने उहाँको भनाइ छ । निर्माण कम्पनीले गत फागुनमा सडक स्तरोन्नतिका लागि सम्झौता गरेको र आगामी २०८२ भदौ १५ गतेभित्र कालोपत्र गरिसक्ने छामिछाने बताउनुहुन्छ ।

"यो सडकखण्ड धेरै वर्ष अगाडि कालोपत्र भएको हो, भत्किएर साँघुरिएको थियो, केही समय अगाडि मात्र लोकमार्गले सडक डिभिजनलाई हस्तान्तरण गरेको थियो", सूचना अधिकारी लामिछानेले भन्नुभयो, "निर्माण कम्पनीले काम सुरु भएको धेरै भएको छैन, छाटो समयमै १० प्रतिशत काम सकेको छ, अबको छ महिनामा काम सक्नुपर्ने छ ।"

सवारी चालक प्रेमनाथ कँडेलले यो सडक साँघुरो हुँदा दुर्घटनाको उच्च जोखिम भएको बताउनुभयो । पहिला थोरै सवारीसाधन चल्ने उक्त सडकमा अहिले दैनिक जिल्लाको बुर्तिबाङ, गलकोटसहित म्याग्दी, मुस्ताङ, रुकुम, रोल्पा, जाजरकोटलगायत ठाउँ पुग्ने यातायात सञ्चालन हुँदा चाप बढेको कँडेलको भनाइ छ । साँघुरो सडकका कारण दोहोर गाडी ओहोरदोहोर गर्न समस्या भएकोउहाँलेबताउनुभयो।स्तरोन्नतिपछि सहज हुने कँडेल बताउनुहुन्छ । मध्यपहाडी लोकमार्ग बागलुङमा करिब १४० किलोमिटर पर्छ । त्यसमध्ये हालसम्म बिहुँ खण्डको करिब १२ किलोमिटरबाहेक अन्य सबै खण्ड कालोपत्र भइसकेको छ । बिहुँ खण्डमा पनि अहिले स्तरोन्नतिको काम भइरहेको छ ।

# गण्डकीलाई मुख्यमन्त्री कप भलिबलको उपाधि

**रासस**
काठमाडौं, २८ चैत

भोजपुर नगरपालिका-७, कोदार रङ्गशालामा सञ्चालन भएको मुख्यमन्त्री कप राष्ट्रिय भलिबल प्रतियोगिताको उपाधि गण्डकी प्रदेशले जितेको छ ।

बिहीबार भएको फाइनल खेलमा कोशी प्रदेशलाई ३-० सेटमा पराजित गरी गण्डकीले उपाधि जितेको हो ।

गण्डकी प्रदेशले कोशीलाई पहिलो सेट २५-१७, दोस्रो सेट २५-२२ तथा तेस्रो सेट २५-१५ अङ्कले पराजित गरेको हो । यस्तै सुदूरपश्चिम प्रदेश बागमति प्रदेशलाई ३-० सेटले हराउँदै तेस्रो बन्यो । प्रतियोगिताको विजेता तथा उपविजेताले क्रमशः रु तीन लाख तथा रु एक लाख ७५ हजार पायो । यस्तै तेस्रोले रु ८० हजार तथा चौथो हुने टोलीले रु ४० हजार पुरस्कार प्राप्त गर्‍यो ।

यही चैत २४ गतेदेखि सञ्चालन भएको उक्त प्रतियोगितामा मधेस र कर्णाली बाहेक अन्य प्रदेशको सहभागिता रहेको थियो ।

विजेतालाई पूर्वमन्त्री तथा सांसद सुदन किराती, कोशी प्रदेशका राज्यमन्त्री सिर्जना राई, भोजपुर नगरपालिका प्रमुख कैलाशकुमार आले, रामप्रसाद गाउँपालिकाका अध्यक्ष थामबहादुर राई, भोजपुर नगरपालिकाका उपप्रमुख निर्मला शेर्पा, जिल्ला भलिवल सङ्घका अध्यक्ष वीन्द्रकुमार तामाङ लगायतले पुरस्कार वितरण गर्नुभयो । सोही अवसरमा राससका जिल्ला संवाददाता निरोज कोइरालालाई समेत सम्मान गरिएको थियो ।

# नेपाली सेनाको गोरखा-जितगढी एकीकरण पदयात्रा सुरु

**रासस**
गोरखा, २८ चैत

नेपाली सेनाले आजदेखि तेस्रो ऐतिहासिक गोरखा-जितगढी एकीकरण पदयात्रा सुरु गरेको छ ।

नेपाल एकीकरणका क्रममा तत्कालीन राजा पृथ्वीनारायण शाहले प्रयोग गरेका पदमार्गको प्रवर्द्धन गर्ने उद्देश्यसहित सेनाले गोरखा-जितगढी एकीकरण पदयात्राको थालनी गरेको नेपाली सेना रिपुमर्दन गण गोरखाका गणपति प्रमुख सेनानी अशोककुमार क्षेत्रीले जानकारी दिनुभयो । "ऐतिहासिक महत्व बोकेका कोट, गढी, किल्लाहरूको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्दै इतिहासलाई जोगाउने पदयात्राको उद्देश्य हो, उहाँले भन्नुभयो, "सोही उद्देश्यका साथ आजदेखि गोरखा हुँदै जितगढीसम्म पदयात्राको थालनी गरिएको छ ।" सेनाको टोली एघारौँ दिनमा जितगढी पुग्ने छ । टोलीले ३०५ किलोमिटर दूरी पार गर्ने प्रमुख सेनानी क्षेत्रीले बताउनुभयो । पदयात्रामा पृथ्वीनारायण शाहले खडा गरेका कालीबक्स गण, पुरानो गोरख, बर्दवाणी गण, सवुज गण र जितगढीको लडाइँमा भाग लिएको गुरुबक्स पल्टनको टोली सहभागी भएका छन् । गोरखा दरबारस्थित हनुमान भन्ज्याङ चौताराबाट नेपालको राष्ट्रिय झन्डा, टर्च लाइट र पाँचवटै गणको झन्डा बोकेर सेनाको टोली पदयात्रामा निस्किएको हो । टोलीले पालुङटारस्थित सतिघाटमा पुगेर तनहुँलाई र तनहुँले पाल्पास्थित सेनाको टोलीलाई झन्डा हस्तान्तरण गर्ने छ । त्यसैगरी पाल्पाले रुपन्देही र रुपन्देहीको सेनाको टोली जितगढी पुगेर आगामी वैशाख ७ गते विजयोत्सवमा सहभागी हुने कार्यक्रम रहेको प्रमुख सेनानी क्षेत्रीले जानकारी दिनुभयो ।

तत्कालीन ब्रिटिस इस्ट इन्डिया कम्पनी र नेपालबीच भएको लडाइँमा विजयप्राप्त गरेको दिन वैशाख ७ गतेलाई विजयोत्सवका रूपमा मनाउने गर्रिँदै आएको छ । पदयात्राले एकीकरण पदमार्गको प्रचारप्रसारका साथै पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास लिइएको छ ।


**नेपाल सरकार**
**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**
**मालपोत कार्यालय, कास्की**

**मालपोत कार्यालय कास्की पोखराबाट प्रकाशित भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

सूचना प्रकाशित मिति २०८१/१२/२७

कास्की जिल्ला मौजे वाटुलेचौर ५ नं. का जि.मु. लिलाधर रेग्मी जिम्मा साविक १९९१ सालको पाखो तर्फको मोठ लगत उतार बमोजिम मोठ नं. ६९० द.नं. २९ मोहीको नाम मान बहादुर खवासको नाउँमा साविक दर्ता भएको, २०३२ साल सम्मको तिरो तिरेको भू.सु. ७ नं. फाराममा लगत दिएको सर्भे नापीमा बाटुलेचौर -५ को कि.नं. १६९ क्षे.फ.०-३-१-३ को जग्गा लोक बहादुर खवासको नाउँमा फिल्डबुकमा कायम भएको दर्ता छुट हुन गएको लोक बहादुर खवासको मिति २०६५।०२।२६ मा मृत्यु भएको निजको एकमात्र श्रीमती कृष्ण कुमारी खवासको मिति २०४९।०२।१५ मा मृत्यु भएको निज मृतक दम्पतिबाट ३ भाई छोरा र ४ छोरी को जायजन्म भएकोमा छोरीहरु सबैको विवाह भएको भनी वडा सिफारिस लगायतका कागजातहरुबाट खुलिआएको, हामीले नै भोगचलन गर्दै आईरहेको उक्त जग्गाको नजिकका हकदारमा हामी ३ भाई छोरामात्र रहेकोले हाम्रो नाउँमा छुट जग्गा दर्ता नामसारी गरिपाउँ भनी कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. १६ बस्ने शेर बहादुर खवास, पुर्ण बहादुर खवास र कृष्ण बहादुर खवासले यस कार्यालयमा संयुक्त माग निवेदन पेश गर्नुभएको हुँदा उक्त जग्गामा यस अघि कसैले कारवाही चलाएको भए वा निजहरुको माग बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने वा दर्ता हुन नपर्ने कुनै कारण भए वा तपशिलमा उल्लेखित जग्गामा अरु कसैको हक लाग्ने भए वा सरकारी सार्वजनिक पर्न गए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र सवुद प्रमाण सहित दावी उजुरी गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जानेछ । पछि कसैको उजुर वाजुर लाग्ने छैन ।

तपशिल

| जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | विरह | किसिम | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| कास्की | बाटुलेचौर | ५ | १६९ | ०-३-१-३ | खर | चाहार | लोक बहादुर गुरुङ |

ईति संवत २०८१ साल चैत्र २७ गते रोज ४ शुभम् ।


# जहाँ देवीलाई चढाइन्छ दाम्लो

**रासस**
गोरखा, २८ चैत

भक्तजनहरू मठमन्दिरमा पूजाआजा गरेर के अर्पण गर्छन् ? सबैको उत्तर हुन्छ, "फूल, अक्षता, भेटी अनि नैवेद्य ।" कोही भक्तजनहरूले लुगाकपडा, गरगहना र अन्य खाद्यान्न सामग्री पनि चढाउँलान् । तर, गोरखामा एउटा यस्तो मन्दिर छ जहाँ देवीलाई गाईभैँसी बाँध्ने दाम्लो चढाइन्छ ।

गोरखा नगरपालिका-५, पस्लाङस्थित नाम्रुङदेवी थानमा पूजाआजा गरेर 'दाम्लो' चढाउने सयौँ वर्षदेखिको चलन अहिले पनि कायमै छ । "गाईवस्तु बिरामी भएमा वा ब्याउन गाह्रो भएमा नाम्रुङदेवीको भाकल गर्छौं", मन्दिरको पुजारीसमेत रहनुभएका स्थानीय जुनबहादुर रानामगर भन्नुहुन्छ, "अनि आफूलाई अनुकूल समय मिलाएर थानमा पूजा गरेर दाम्लो चढाउने चलन छ । भाकल गरेपछि अहिलेसम्म पूरा पनि भएको छ ।" मन्दिरमा दाम्लो चढाउन गोरखा र आसपासका जिल्लाबाट समेत भक्तजन आउने गरेको उहाँले बताउनुभयो । "गोरखा, तनहुँ, लमजुङ, चितवनबाट यहाँ पूजा गर्न र दाम्लो चढाउन आउँछन्", उहाँले भन्नुभयो । किसानले पशुपालन फस्टाउन्, बालीबाली राम्रो होस्, रोगव्याध नफैलियोस्, दूध पर्याप्त देओस् भनेर पूजा गरी दाम्लो चढाउने गरेको उहाँको भनाइ छ ।

नाम्रुङदेवीथानमा स्थानीय जातको कुखुराको अण्डा गाडेर मौसम परीक्षण गर्ने चलन पनि छ । "यहाँ हरेक वर्ष चण्डी पूर्णिमाको दिन दुईवटा लोकल कुखुराको अण्डा गाड्ने चलन छ", उहाँले भन्नुभयो, "अर्को वर्षको चण्डी पूर्णिमामा त्यसलाई निकाल्दा जस्ताको तस्तै रह्यो भने त्यो वर्ष शुभ हुन्छ भन्ने विश्वास गरिन्छ । अण्डा बिग्रियो, कुहियो भने अशुभ हुन्छ भनेर अनुमान गरिन्छ ।" अण्डा बिग्रिएमा हुरीबतास, असिनापात, भेल, बाढी, वर्षा, डढेलो वा महामारीले गाउँलेलाई दुःख दिने जनविश्वास छ ।

यहाँ दाम्लो चढाएर पूजा गर्ने चलन कहिलेबाट सुरु भयो भन्ने एकिन नभए पनि तनहुँसुरमा मुकुन्दसेन द्वितीय राजा र गोरखामा नरभूपाल शाह राजा हुँदादेखि पूजा गर्ने गरेको अभिलेख भेटिने गोरखा सङ्ग्रहालयका पूर्वकर्मचारी, इतिहासका जानकार गणेशप्रसाद भट्टराई बताउनुहुन्छ । उहाँका अनुसार नाम्रुङदेवीथानमा असारको पूर्णिमामा विशेष पूजाआजा र मेला लाग्ने चलन छ । दैनिक नियमित पूजा पनि हुने गर्छ । पूजारी भने मगर समुदायबाट चुनिन्छन् । यहाँ कुखुरा, परेवा, बोका पाठा बलि चढाइने भट्टराईले बताउनुभयो । पहिले सरकारले पूजा खर्च दिने गरेकामा केही वर्षयता खर्च कटौती गरिएको छ ।


**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

पोखरा महानगरपालिका वडा नं. १३ लाटलाटे खोला देखि रतन पाण्डे विद्यालयसम्म जाने बाटो सडक स्तरोन्नती गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः लाटलाटे खोला देखि रतन पाण्डे विद्यालयसम्म जाने बाटो सडक स्तरोन्नती
ठेगानाः पोखरा-१३
योजना सम्झौता मितिः २०८१/१२/०५ गते
योजना शुरु मितिः २०८१/१२/०६ गते
योजना सम्पन्न भएको मितिः २०८२/१२/२१ गते
योजना सम्पन्न हुने मितिः २०८२/०१/३० गते
योजनाको कुल लागतः रु. ८,२३,५२९।-
महानगरपालिकाबाटः रु. ७,००,०००।-
जनसहभागिताबाटः रु.१,२३,५२९।-
अध्यक्षः विष्णु प्रसाद बराल मो. ९८५६०७५०९८
उपभोक्ता समिति सदस्य संख्याः ९

**लाटलाटे खोलादेखि रतन पाण्डे विद्यालयसम्म जाने बाटो सडक स्तरोन्नती उपभोक्ता समिति पोखरा-१३**



**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

पोखरा महानगरपालिका वडा नं. २२ स्तुपा वि.क. टोल सडक स्तरोन्नती गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः स्तुपा वि.क. टोल सडक स्तरोन्नति
ठेगानाः पोखरा-२२ स्तुपा
योजना सम्झौता मितिः २०८१/०९/१७ गते
योजना शुरु हुने मितिः २०८१/०९/१८ गते
योजना सम्पन्न हुने मितिः २०८१/१२/३० गते
योजनाको कुल लागतः रु.५,८८,७३४.६१
महानगरपालिकाबाटः रु. ५,००,०००।-
जनसहभागिताबाटः रु. ८८,७३४.६१।-
अध्यक्षः कृष्ण बहादुर बि.क. सम्पर्क नं.ः ९८४६१७५४५७
निर्माण समिति सदस्य संख्याः ७
महिलाः ३, पुरुषः ४

**स्तुपा वि. क. टोल सडक स्तरोन्नति उपभोक्ता समिति पोखरा-२२ स्तुपा**